

# २ अरूको मन जित्ने गवाही

*यस अध्यायका मूल पदहरू:* मर्कूस ५:१५-२०, मर्कूस १६:१-११, प्रेरित ४:१-२०, १ यूहन्ना १:१-३, गलाती २:२० र प्रेरित २६:१-३२।

*यस अध्यायको मूल सार पद:* **“हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं" (प्रेरित ४:२०)।**

व्यक्तिगत गवाहीमा अत्यन्तै अपूर्व शक्ति हुन्छ। जब हाम्रा हृदयहरू ख्रीष्टको मायाले न्यानो पार्दछ र उहाँको अनुग्रहले परिवर्तन हुन्छ तब हामी उहाँको बारेमा केही न केही भन्न सक्ने हुन्छौं। येशूले अरूको निम्ति के गर्नुभयो त्यो सुनाउन सजिलै होला तर उहाँले हाम्रो जीवनमाचाहीं के गर्नुभयो त त्यो सत्य सुनाउनुचाहीं हाम्रालागि महत्वपूर्ण हुन्छ।

व्यक्तिगत अनुभवसँग विवाद गर्न त्यति सजिलो छैन। धर्मको बारेमा, तपाईंको आत्मिक ज्ञान वा दर्शनको बारेमा, तपाईंको अनेकौं विद्याको बारेमा र बाइबललाई व्याख्या गर्ने तपाईंको खुबीको बारेमा मानिसहरूले वादविवाद गर्न सक्लान्। तर जब कसैले यो भन्छ, “म नैराश्य र अर्थहीन जीवन बिताइरहेको थिएँ। तर अहिले आशा पाएको छु। "म मैले गरेको पापको दोषले भरिएको थिएँ अहिले ममा शान्ति छाएको छ। संसारमा बेकारमै जन्मेको रहेछु भनेर म उदास थिएँ तर अहिले जिउनुको अर्थ अनि लक्ष्य पाएको छु" भन्ने सुसमाचारको व्यक्तिगत गवाहीले परमेश्वरलाई विश्वास नगर्ने वा नास्तिकलाई पनि प्रभाव पार्दछ।

कुनै कुनै मानिस पावल जस्तै नाटकीय ढंगले येशूलाई विश्वास गर्न पुग्ला जसरी उनले दमस्कसको बाटोमा अनुभव गरेका थिए। तर प्रायजसो जब कसैले येशूको अद्भूत र मिठासपूर्ण प्रेम आफूमा दिनदिनै बढिरहेको महसुस गरिरहन्छ, उहाँको अचम्मको अनुग्रहप्रति गहिरो सराहना वा

रस्वास्वादन गर्दछ र उहाँले सित्तैंमा उपलब्ध गराउनुभएको मुक्तिप्रति महान् कृतज्ञता प्रकट गर्दछ तब त्यो व्यक्तिले परमेश्‍वरमा सधैं भिजिरहने इच्छा गरिरहेको हुन्छ। ख्रीष्टले केवल बाहिरिरूपमा मात्र होइन तर हाम्रो सम्पूर्ण जीवनमा नै आमूल परिवर्तन ल्याउनुहुन्छ। (यदि उहाँले हाम्रो बाहिरी आनिबानीमात्र सुधार्नुहुने भए त उहाँको आवश्यकता नै हुने थिएन किनभने बानी व्यवहार सुधार्न त विश्‍वमा धेरै सुधार गृहहरू नै पर्याप्त हुन्थे ।-अनुवादकको टिप्पणी)। संसारको आशारहित भूमरीमा परिरहेका मानिसहरूलाई तपाईंको गवाहीको असाध्यै खाचो छ र तिनीहरूमा पनि त्यस्तै होस् भन्ने उहाँको तीब्र चाहना छ। (यस वषयप्रति आँखा चिम्लेर बस्नु हामी येशूको भक्तहरूका लागि सुहाउने कुरा होइन ।यसो गर्न कसैलाई पनि सुहाउँदैन ।-अनुवादकको विचार)।

## १. यस्ताले पनि येशूको निम्ति गवाही दिन सक्छन् र?

**मर्कूस ५ः१-२०मा एक जना दुष्ट आत्माले सताएको मानिसलाई येशूले नाटकीय ढंगले निको पार्नुभएको कथा छ। अचम्मको कुरो त के छ भने उसलाई नयाँ आस्थाको बारेमा येशूले केही सिकाउनु भएन बरू बाइबल अध्ययन नै दिनुभयो ताकि ऊ विश्‍वासमा बढोस्। तर उहाँले उसलाई केही सिकाउनुको सट्टा आफ्नो सहर डेकापोलिसमा गएर आफूले पाएको नयाँ विश्‍वासलाई आफूमै गुम्साइ नराख बरू आफ्नो परिवार र मित्रहरूलाई बताइ देऊ भनेर अऱ्हाउनुभयो। हेर्नुहोस्, "१ अनि उहाँहरू समुद्रको पारिपट्टि गेरासेनसको मुलुकमा आउनुभयो। २ येशू डुङ्गाबाट बाहिर निस्कने बित्तिकै चिहानबाट अशुद्ध आत्मा लागेको एक जना मानिसले उहाँलाई भेट्यो। ३ त्यो चिहानहरू हुँदो बस्दथ्यो। कसैले पनि त्यसलाई साङ्लाले समेत बाँध्न सक्दैनथ्यो। ४ किनकि त्यो धेरै पल्ट नेल र साङ्लाहरूले बाँधिएको थियो, र पनि त्यसले साङ्लाहरू टुक्रा-टुक्रा पारी छिनाल्थ्यो। कुनै मानिसले पनि त्यसलाई वशमा पार्न सकेको थिएन। ५ त्यो रात र दिन सधैं चिहानहरू र डाँड़ाहरूमा कराउँदै आफूले आफैलाई ढुङ्गाले चिथोर्दै हिँड्थ्यो। ६ अनि जब त्यसले येशूलाई टाढ़ैबाट देख्यो तब दौड़ेर आयो, र उहाँलाई दण्डवत् गऱ्यो। ७ अनि ठूलो सोरले चिच्च्याएर त्यसले भन्यो, 'हे सर्वोच्च परमेश्‍वरका पुत्र येशू, तपाईंको मसँग के सरोकार? म परमेश्‍वरमा शपथ खाएर तपाईंलाई बिन्ती गर्दछु, कि मलाई दुःख नदिनुहोस्।' ८ किनकि उहाँले त्यसलाई भन्नुभएको थियो, 'ए अशुद्ध आत्मा, त्यस मानिसबाट निस्किआइज।' ९ अनि उहाँले**

त्यसलाई सोध्नुभयो, 'तेरो नाउँ के हो? त्यसले उहाँलाई भन्यो, 'मेरो नाउँ त
फौज हो, किनकि हामी धेरै छौं।' १० ती भूतात्माहरूलाई त्यस इलाकाबाहिर
ननिकालिदिनुहोस् भनी त्यसले उहाँलाई आग्रहपूर्वक बिन्ती गर्‍यो। ११ त्यहाँ
डाँड़ाको भीरतिर सुँगुरको एक ठूलो बगाल चरिरहेको थियो। १२ ती
भूतात्माहरूले यसो भनी उहाँलाई बिन्ती गरे, 'हामीलाई सुँगुरहरूकहाँ जान
दिनुहोस्, र हामी तीभित्र पस्छौं।' १३ तब उहाँले तिनीहरूलाई अनुमति
दिनुभयो, र अशुद्ध आत्माहरू बाहिर निस्केर सुँगुरहरूभित्र पसे, अनि दुई हजार
सुँगुरको बगाल भीरबाट समुद्रतिर हुर्रिंदैगए, र ती समुद्रमा डुबेर मरे। १४ ती
सुँगुर चराउनेहरू भागे, र सहर र गाउँ-गाउँमा खबर दिए। र के भएको हो सो
हेर्न मानिसहरू त्यहाँ आए। १५ तब तिनीहरू येशूकहाँ आए, र देखे कि त्यो
भूत लागेको मानिस ठीक मनको भएर लुगा लगाई बसिरहेको थियो। यो देखेर
तिनीहरू डराए। १६ अनि जसले यो देखेका थिए, तिनीहरूले भूत लागेको
मानिस र सुँगुरहरूलाई के भएको थियो सो बताइदिए। १७ अनि तिनीहरूको
इलाकाबाट गइहाल्नुहोस् भनी मानिसहरूले येशूलाई बिन्ती गर्न लागे। १८
उहाँ डुङ्गामा पस्न लाग्नुहुँदा त्यो भूत लागेको मानिसले उहाँसँग रहनलाई बिन्ती
गर्‍यो। १९ तर उहाँले त्यसलाई अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो,
'तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान्
काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ।' २० अनि त्यो
मानिस हिँड़िहाल्यो, र येशूले त्यसको निम्ति कति ठूलो काम गरिदिनुभएको
थियो सो डेकापोलिसभरि प्रचार गर्न लाग्यो, र सबै मानिसहरूले अचम्म माने।"

गेरासनेस भन्ने सहर डेकापोलिसका सहरहरूमध्येकै एक हो। डेकापोलिस (*Decapolis*) **को** अर्थ दस हो भने पोलिस (*polis,*)को अर्थ सहर हो। डेकापोलिस क्षेत्रमा दसवटा सहरहरू थिए। प्रथम शताब्दीमा यो क्षेत्र गालिलको समुद्र छेऊमा थियो। ती सबै सहरहरूमा बोलिने भाषा एउटै थियो र तिनीहरूको संस्कार र संस्कृति पनि एउटै थियो। त्यो दुष्ट आत्माद्वारा सताइएको मानिसको बारेमा पनि डेकापोलिस क्षेत्रका सबै मानिसहरूलाई थाहा थियो। त्यो मानिसको हिंस्रक र अस्वभाविक व्यवहारले सबैलाई त्रसित बनाएको थियो। तर दुष्ट आत्माले सताइएको त्यो राक्षसी मानिसभित्र येशूले केही सौन्दर्यता देख्नुभएको थियो अर्थात् त्यो मानिसले सबै बन्धनबाट छुटेर असल जीवन बिताउन चाहा गरेको कुरा उहाँले महसुस गर्नुभएको थियो। त्यसकारण उहाँले अचम्म र नाटकीय तरिकाले त्यो मानिसलाई ती सताउने दुष्टआत्माहरूबाट उद्धार गर्नुभएको थियो।

जब सहरका मानिसहरूले सुँगुरभित्र दुष्ट आत्माहरूलाई येशूले पस्ने अनुमति दिनुभएको र ती सुँगुरहरू दगुरेर समुद्रमा हाम फालेको खबर पाए तब तिनीहरू सबै जना हस्याङ्ग फस्याङ्ग गर्दै के भइरहेको थियो भनेर हेर्न आए। मर्कूसले तिनीहरू आउँदा तिनीहरूले देखेका कुरा यसरी स्पष्टरूपमा वर्णन गर्दछन् "तब तिनीहरू येशूकहाँ आए, र देखे कि त्यो भूत लागेको मानिस ठीक भएको र लुगा लगाएर बसिरहेको थियो। त्यो देखेर तिनीहरू डराए।" (मर्कूस ५:१५)। चिहानमा आउने मानिसहरूलाई त्राही त्राही बनाउने मानिस त सद्दे र सामान्य भएर येशूको छेऊमा बसिरहेको तिनीहरूले देखे। त्यो मानिस शारीरिक, मानसिक, भावनात्मक र आत्मिकरुपमा पूर्ण स्वस्थ भएको थियो। यथार्थमा भन्ने हो भने सुसमाचारको मूल सार नै यहि हो कि पापले गर्दा छिया छिया भएको मानिसलाई येशूले सृष्टि गर्नुभए अनुसार पुनर्स्थापित गरेर नयाँ गरी परिवर्तित र स्वस्थ जीवन **दिनु** हो।

डेकापोलिस क्षेत्रको दसवटै सहरहरू वा सबै क्षेत्रमा कायापलट वा आमूल परिवर्तन भएको गवाही मानिसहरुले दिए। यसरी मानिसहरूको माझमा जानुभन्दा सुसमाचारको उत्तम काम अरू के हुन सक्छ? यस सन्दर्भमा एलेन जी ह्वाइट यस्तो भन्नुहुन्छ "येशूको गवाही दिन्छौं भनेर हामीले गर्ने प्रतिवद्धतामा हामीलाई जे थाहा छ सो अरूलाई वताउने हो, हामी आफैले के देखेका छौं र सुनेकाछौं वा अनुभव गरेका छौं त्यहीं सुनाउने हो। यदि पाइला पाइलामा हामीले येशूलाई  पछ्याइ रहेका छौं भने उहाँले हामीलाई कसरी अगुवाइ गरिरहनु भएको छ सो स्पष्टरुपमा अरूलाई भन्न सक्दछौं। उहाँका प्रतिज्ञाहरूलाई हामीले कसरी जाँच्यौं र ती कसरी सत्य सावित भए भनेर हामी भन्न सक्दछौं। येशू ख्रीष्टको अनुग्रह हामीले कसरी थाहा पायौं सो हामी सुनाउन सक्छौं। यही गवाही बक्न हाम्रो प्रभुले हामीलाई बोलाउनुभएको हो। यस खालको गवाही सुन्न वा देख्न नपाउँदा संसार विनाशको बाटोतर्फ चिप्लिरहेको हुन्छ।"- *द डिजाएर अभ एजेज्,* पृ. ३४०बाट रूपान्तरित। प्रायजसो मानिसहरूले पत्यारै नगरेका तर उहाँको अनुग्रहले परिवर्तन भएका मानिसहरूबाट गवाही दिएको परमेश्वर चाहानुहुन्छ।र त्यस्ता मानिसहरूले यो संसारलाई नै पृथक  बनाइ दिन्छ।

के **तपाईंसँग त्यस्तो कुनै निजी कहानी वा गवाही छ? अर्थात् तपाईं कसरी प्रभु येशूलाई विश्वास गर्न पुग्नुभयो, यसको कुनै कथा छ? तपाईं येशूको विश्वासमा आउनुभएको कुरा अरूलाई कसरी  सुनाउनुहुन्छ? येशूलाई विश्वास नगर्ने मानिसहरूले तपाईंको गवाहीबाट के लाभ लिन सक्छन्?**

## २. पुनरुत्थान हुनुभएको येशूको बारेमा बताउनु

आइतबार बिहानै दुई मेरीहरू हतार हतारगर्दै येशूको चिहानमा गए। तिनीहरू येशूसँग केही माग्न भनी त्यहाँ गएका थिएनन्। आखिर मरेको मानिसले अरूलाई के नै दिन सक्छ र? पछिल्लो समयमा जब तिनीहरूले येशूलाई देखे, तिनीहरूले रगताम्य शरीर, कोर्राको चोटैचोटले क्षतबिक्षत भएको शरीर र भाँचिएका हात र पाऊ देखेका थिए। क्रुसको दृश्य तिनीहरूको दिमागमा गहिरो रूपमा गडेको थियो। अब तिनीहरूले जे गर्नुपर्ने थियो त्यहीँ गर्नका लागि तिनीहरू गइरहेका थिए। आँखाभरि आँशु पार्दै तिनीहरू चिहानमा गए र येशूको शरीरमा संलेपन अर्थात् अत्तरहरूको लेप लगाउन गइरहेका थिए। चिहानतर्फ लम्कदै गर्दा तिनीहरूलाई उदासिनता र नैराश्यताको छायाँले ढाकिरहेको थियो। आफूहरूलाई अत्यन्तै प्रेम गर्नुहुने येशूको मृत्युलाई देख्नुपर्दा तिनीहरूको संसारै भत्किएको थियो। सारा भविष्य नै अनिश्चित भएको थियो तरपनि क्षीण आशा भने तिनीहरूको दिमागमा नाचिरहेको थियो।

जब तिनीहरू चिहानमा पुगे तब चिहान नै खाली तथा रित्तो देख्दा तिनीहरू स्तब्ध भएका थिए। येशूको पुनरुत्थानको बिहान ती महिलाहरूलाई स्वर्गदूतले कस्तो साहस दिए भनेर मत्तीले यसरी लेखेका छन् "तर स्वर्गदूतले ती स्त्रीहरूलाई जवाफ दिए, 'नडराऊ, मलाई थाहा छ कि तिमीहरूले क्रुसमा टाँगिएका येशूलाई खोज्दै छौ। उहाँ यहाँ हुनुहुन्न। उहाँ त बौरी उठ्नुभयो'" (मत्ती २८:५,६ रूपान्तरित)।

तब ती स्त्रीहरू हर्ष र आनन्दले भावविभोर भए। तिनीहरूको दिमागमा छाएको अन्धकारको बादल येशूको पुनरुत्थानको ज्योतिले उज्यालो पारेर हटाइ दियो। तिनीहरूको अनुहार खुशीले चम्केको थियो। तिनीहरू आँसु झार्दै बिलौना गरिरहेका थिए तर पछिभने तिनीहरूको मनमा खुशीका गीतहरू गुञ्जीरहेका थिए।

**जब येशू जीवित हुनुभएको कुरा मेरीले थाहा पाइन् तब उनले कस्तो प्रतिक्रिया दिइन् त ? हेर्नुहोस्, मर्कूस १६:१-११ "१ शबाथ-दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रव्य येशूको शरीरमा घस्नलाई किने। २ साताको पहिलो दिनमा बिहानै घाम झुल्कँदा तिनीहरू चिहानमा गए। ३ अनि तिनीहरूले आपसमा भने, 'हाम्रा निम्ति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला?' ४ अनि मास्तिर हेर्दा तिनीहरूले चिहानको त्यो ढुङ्गा हटाइराखेको देखे। त्यो ढुङ्गा खूब ठूलो थियो। ५ अनि चिहानभित्र पसेर तिनीहरूले सेतो वस्त्र लाएको एक जना जवान मानिसलाई**

**दाहिनेपट्टि बसिरहेको देखे, र तिनीहरू आश्चर्यचकित भए। ६ तर उनले तिनीहरूलाई भने, 'आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर। ७ जाओ, र उहाँका चेलाहरू र पत्रुसलाई भनिदेओ कि उहाँ तिमीहरूका अगिअगि गालीलमा जाँदैहुनुहुन्छ। उहाँले तिमीहरूलाई भन्नुभएबमोजिम तिमीहरू उहाँलाई त्यहाँ देख्नेछौ।' ८ तिनीहरू निस्केर चिहानबाट दौड़े, किनकि डर र आश्चर्यले तिनीहरू कामिरहेका थिए। अनि तिनीहरूले कसैलाई केही भनेनन्, किनकि तिनीहरू डराएका थिए। ९ हप्ताको पहिलो दिनको बिहानै उहाँ जीवित भई उठ्नुभएपछि उहाँ पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो। तिनीबाट येशूले सात वटा भूतहरू निकाल्नुभएको थियो। १० मरियमले गएर उहाँका चेलाहरूलाई यो खबर दिइन्। तिनीहरू विलाप गर्दै रोइरहेका थिए। ११ तर जब येशू जीवित हुनुभयो र मरियमकहाँ देखा पर्नुभयो भन्ने कुरा तिनीहरूले सुने, तब तिनीहरूले पत्याएनन्।"**

जब पुनरुत्थान हुनुभएको येशूलाई मरियमले भेटिन् तब मानिसहरूलाई उहाँको बारेमा भन्न उनी दगुरेर गइन्। आफूले पाएको सुसमाचार त अरूलाई पो सुनाउनुपर्दो रहेछ। उनी चुप लागेर बस्न सकिनन्। येशू ख्रीष्ट त जीवित हुनुभएको छ! उहाँको चिहान रित्तै छ। सारा विश्वले यो थाहा पाउनै पर्छ। जब हामी पनि पुनरुत्थान हुनु भएको येशूलाई भेट्दछौं तब हामीले पनि मरियमलेझैं दगुरेर अरूलाई सुनाउनुपर्छ। हामीले पाएको सुसमाचार हामीमै गुम्साएर राख्नु उचित हुदैन अरूलाई सुनाउन्नै पर्छ।

फेरि कस्तो अचम्म ! म मारिनेछु र फेरि पुनरुत्थान हुनेछु भनेर बिशेष गरेर नियुक्त गरिएका ती चेलाहरूलाई बारम्बार येशूले भन्नुभएतापनि तिनीहरूले "यो त आइमाई मान्छेको कुरा" भनेर मरियमको गवाही पत्याएनन्। मर्कूसले स्पष्टसँग उल्लेख गरेका छन् " उहाँ जिवित हुनुभएको छ र मरियमकहाँ देखा पर्नुभएको थियो भन्ने कुरा तिनीहरूले सुने, तर तिनीहरूले विश्वासै गरेनन्" (मर्कूस १६:११ रूपान्तरित)। येशूका आफ्नै चेलाहरूले त येशूको पुनरुत्थानको बारेमा तत्कालै पत्याएनन् भने हामीले भनेको कुरो अरूले तुरन्तै नपत्याउँदा हामीले अचम्म मान्नु पनि त भएन नि।

कुनैदिन **तपाईंले आफूले भोगेको वा देखेको कुरा अरूलाई सुनाउँदा अरूले नपत्याएको घट्ना तपाईंलाई याद छ? त्यसमा तपाईंले कस्तो प्रतिक्रिया दिनुभएको थियो ? र त्यसबाट तपाईंले के सिक्नुभयो?**

## ३· पूर्णरूपमा परिवर्तित जीवनले अरूको जीवनमा प्रभाव पार्न सक्दछ

**"जब अशिक्षित र साधारण अर्थात् तालिम नपाएका पत्रुस र यूहन्नाको साहस तिनीहरूले देखे तब तिनीहरू अचम्ममा परे। तिनीहरू येशूसँग थिए भन्ने तिनीहरूले (धर्मगुरुहरूले) महसुस गरे" (प्रेरित ४:१३ रूपान्तरित)।**

नयाँ करारको चर्च ज्वालामूखि फुटेर निस्किएको आगोको मुस्लो जस्तै अत्याधिकरूपमा बढेको थियो। पेन्टिकोस्टको दिनमा नै ३०००ले बप्तिस्मा लिएका थिए (प्रेरित २:४१)। केही हप्तापछि नै हजारौं मानिसहरू चर्चमा थपिएका थिए (प्रेरित ४:४)। यसरी यहूदीहरू धमाधम इसाई भइरहेको देखेर अधिकारवालाहरूको ध्यान तिनीहरूमाथि पर्न थाल्यो। नयाँ करारका विश्वासीहरू येशू ख्रीष्टसँग थिए। तिनीहरूको जीवन परिवर्तन भएको थियो। तिनीहरूको जीवनमा येशूको अनुग्रहले आमूल परिवर्तन वा कायापलट ल्याएको थियो त्यसैले तिनीहरू चुप रहनै सकेनन्।

**प्रेरित ४:१-२२ पढ्नुहोस्। त्यहाँ के भएको थियो? जब यहूदी धर्मगुरु अर्थात् अख्तियारवालाहरूले पत्रुस र यूहन्नालाई येशूको बारेमा नबोल्न र चुप रहन कडा चेतावनी दिँदा तिनीहरूको जवाफ कस्तो रह्यो? हेर्नुहोस्, "१ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदै थिए र घोषणा गर्दै थिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये धेरैले विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो। ५ भोलिपल्ट यिनीहरूका शासकहरू, धर्म-गुरुहरू र शास्त्रीहरू यरूशलेममा भेला भएका थिए। ६ प्रधान पूजाहारी हन्नास, कैयाफा, यूहन्ना, अलेक्जेन्डर र प्रधान पूजाहारीका परिवारका जम्मै त्यहाँ थिए। ७ तिनीहरूले पत्रुस र यूहन्नालाई बीचमा खड़ा गराएर सोधे, 'कुन शक्तिबाट अथवा कसको नाउँमा तिमीहरूले यो गरेका हौ? (पत्रुस र यूहन्नाले एक जना जन्मैदेखि लङ्गडो भएको मानिसलाई मन्दिरमा मागेर बस्दा निको पारेका थिए-प्रेरित ३) ८ तब पवित्र आत्माले भरिपूर्ण भएर पत्रुसले तिनीहरूलाई भने, 'मानिसहरूका शासक र धर्म-गुरु हो, ९ आज हामीले एक जना लङ्गड़ो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, १० तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँगनुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका**

येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ। ११ यो 'त्यही ढुङ्गो हो, जो तपाईं, निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ।' १२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।' १३ जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अशिक्षित र साधारण मानिसहरू रहेछन् भनी थाहा पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भन्ने तिनीहरूले थाहा पाए। १४ तर निको भएको मानिसलाई यिनीहरूसँग उभिरहेको देखेर तिनीहरूले केही बोल्न सकेनन्। १५ यसैले यिनीहरूलाई महासभाबाट बाहिर जाने आज्ञा दिएर तिनीहरूले यसो भनी आपसमा मतो गरे, १६ 'यी मानिसहरूलाई अब हामीले के गर्ने हो? किनभने साँच्ची नै यिनीहरूबाट एउटा अचम्मको काम भएको छ भन्ने यरूशलेमका बासिन्दा जम्मैलाई प्रकट भइसकेको छ, र हामी यो इन्कार गर्न सक्दैनौं। १७ तर यो कुरो जनतामा नफैलिओस् भनी 'फेरि यस नाउँमा कुनै मानिससँग तिमीहरू केही नबोल्नू' भनी हामीले यिनीहरूलाई चेताउनी दिनुपर्छ।' १८ अनि यिनीहरूलाई बोलाएर 'अब उप्रान्त येशूको नाउँमा नबोल्नू र कुनै शिक्षा नदिनू' भनी तिनीहरूले आज्ञा दिए। १९ तर पत्रुस र यूहन्नाले तिनीहरूलाई उत्तर दिए, 'परमेश्वरको कुरा सुन्नुभन्दा तपाईंहरूको कुरा सुन्नु परमेश्वरको दृष्टिमा ठीक हो कि होइन तपाईं आफै विचार गर्नुहोस्। २० किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं।' २१ तिनीहरूले सजाय दिने केही उपाय नभएर यिनीहरूलाई अझ बढ़ी धम्काएर छोडिदिए, किनभने जे घटना घटेको थियो त्यसको निम्ति सबै मानिसहरूले परमेश्वरको प्रशंसा गरिरहेका थिए। २२ किनकि जुन मानिस आश्चर्य कामद्वारा निको पारिएको थियो, त्यसको उमेर चालीस वर्षभन्दा बढ़ी थियो।"

येशूका चेलाहरू येशूमा नयाँ भएका थिए। तिनीहरूले आफूले अनुभव गरेका कथाहरू अरूलाई सुनाउन आवश्यक ठानेका थिए। बकबक बोल्ने माझी पत्रुसको जीवन परमेश्वरको अनुग्रहले परिवर्तन भएको थियो। रिस थाम्न नसक्ने याकूब र यूहन्ना जसलाई बज्र वा चट्याङ्गका छोराहरू भनिन्थ्यो, परमेश्वरको अनुग्रहले तिनीहरूको जीवन पूर्णरूपमा परिवर्तन भएको थियो। येशूप्रति शङ्का र उपशङ्का गर्ने थोमाको जीवन समेत परमेश्वरको अनुग्रहले पूर्ण परिवर्तन भएको थियो। येशूका चेलाहरू र सुरूको चर्चका विश्वासीहरूमा आआफ्नै कथाहरू सुनाउने जोश भरिएको थियो। जसले गर्दा तिनीहरू चुप रहनै सकेनन्। *स्टेप्स टु क्राइस्टमा* एलेन जी ह्वाइट यो प्रभावकारी भावना

व्यक्त गर्छिन् "जब कोही येशूकहाँ आउँछ तब उसमा अरूलाई येशूको बारेमा सुनाउने प्रवल चाहना उसको हृदयमा जन्मिएको हुन्छ। येशूमा पाएको अमूल्य मित्रता र उहाँले दिनुहुने मुक्ति र मानिसलाई पवित्र पार्ने सत्य ज्ञान थाहा पाउँदा उसले ती सत्यलाई आफ्नो हृदयमा गुम्स्याएर राख्नै सक्दैन।"-पृ. ७८बाट रूपान्तरित।

प्रेरित ४:१६मा यहूदी पण्डित अर्थात् धर्मगुरुहरूले भनेका कुरालाई सम्झनु जरुरी छ। चेलाहरूले गरेका आश्चर्य कामको वास्तिविकतालाई तिनीहरूले खुलेआम स्वीकारेका थिए। निको भएको त्यो लङ्गडो मानिस तिनीहरूकै सामु ठिङ्ग उभिएको थियो। धर्मको नाउँमा कठोर र कट्टर भएका ती धर्मगुरुहरूले येशूप्रतिको विरोधी मनस्थिति परिवर्तन गर्न नचाहेका मात्र हुन्। तैपनि तिनीहरूको कडा धम्कीलाई लत्याउदै पत्रुस र यूहन्नाले प्रभुको निम्ति गवाही दिने काममा निरन्तरता दिए।

**येशूको बारेमा जान्नु र उहाँको बारेमा अरूलाई सुनाउनुको बीचमा के भिन्नता छ? हामी विश्वासीहरूको निम्ति गवाही दिने काम र येशूलाई व्यक्तिगतरूपमै चिन्ने काम किन महत्त्वपूर्ण छ?**

## ४. आफ्ना अनुभव अरूलाई सुनाउनु

राजा अग्रिपाको सामु हथकडी लगाइएका कैदी पावल उभिरहेको दृश्य प्रेरित २६मा उल्लेख गरिएको छ। त्यहाँ राजाको सामु सिधै आफ्नो व्यक्तिगत गवाही दिदै पावल उभिरहेका थिए। उनले आफ्नो जीवनको बारेमा चर्चा गरिरहेका थिए। आफू को थिए र येशूलाई विश्वास गर्नुभन्दा अघि उनले येशूभक्तहरूलाई कसरी सताइरहेका थिए साथै उनी आफै कसरी येशूको निम्ति गवाही हुन पुगे र मृतकहरूको पुनरुत्थानको प्रतिज्ञामा कसरी विश्वास गर्न पुगे भनेर उनी यहूदी राजा अग्रिपालाई सुनाइरहेका थिए।

दमस्कसको बाटोमा पावलसँग येशू बोल्नुभए पछि उनको जीवनमा झनै आमूल परिवर्तन आएको थियो। त्यसबेला येशूले उनलाई भन्नुभयो "यो उद्देश्यको निम्ति म तिमीकहाँ देखा परेको हुँ ताकि तिमीले जे देखेका थियौ र मैले तिमीलाई जे प्रकट गर्नेछु त्यसको गवाही तिमी हुन सक र त्यसको निम्ति तिमीले सेवाकार्य गर्न सक" (प्रेरित २६:१६ रूपान्तरित)। हामीमा भएको विश्वास अरूलाई सुनाउँदा हाम्रै विश्वासको प्रगति भएको अनुभव गर्नेछौं। येशूको निम्ति गवाही बन्नु भनेकै उहाँले विगत समयमा हाम्रो निम्ति जे गर्नुभयो

र अहिले हाम्रो जीवनमा उहाँले जे गरिरहनुभएको छ र भविष्यमा उहाँले हामीलाई जे गर्नुहुनेछ त्यहीं सत्य नै आपसमा बाड्ने हो।

गवाही भनेको कहिल्यै पनि आफ्नो बारेमा भन्ने होइन अर्थात् हाम्रो उपलब्धीहरू अरूलाई सुनाउने होइन। तर परमेश्वरको बारेमा चर्चा गर्ने हो। उहाँले हाम्रा पापहरू क्षमा गर्नुहुन्छ, हाम्रा रोगहरू निको पार्नुहुन्छ र हाम्रो जीवन उहाँको प्रेम, दयाले सुसज्जित पार्नुहुन्छ र असल कुराहरूले हामीलाई संतुष्ट बनाउनुहुन्छ (भजन १०३:३-५)। हाम्रो जीवनमा परमेश्वरले देखाउनुभएको अचम्मको अनुग्रहको कथा अरूलाई सुनाउनु नै येशूको निम्ति साक्षी हुनु हो। परमेश्वरको अचम्मको अनुग्रहसँग हाम्रो व्यक्तिगत अनुभव कस्तो थियो र छ सो सत्य अरूलाई सुनाउनु नै उहाँको गवाही हुनु हो।

**गलाती २:२०सँग १ यूहन्ना १:१-४ पढ्नुहोस्। यहाँ ती दुई अंशहरूबीच तपाईंले के समानता देख्नुभएको छ? यूहन्नाको अनुभव पनि पावलको जस्तै थियो त? हेर्नुहोस्, "१ जीवनको त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेऱ्यौं र हाम्रा हातले छोयौं, २ त्यो जीवन प्रकट भयो, र हामीले देख्यौं, र हामी गवाही दिन्छौं, र तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो, र हामीकहाँ प्रकट भयो। ३ हामीले जे देखेका र सुनेका छौं, सो हामी तिमीहरूलाई सुनाउँछौं, ताकि हामीहरूसँग तिमीहरूको सङ्गति होस्। हाम्रो सङ्गति पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। ४ हामी यी कुरा यस हेतुले लेखिरहेका छौं, कि हाम्रो आनन्द पूर्ण होस्।" (१ यूहन्ना १:१-४) र "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।" (गलाती २:२०)।**

यूहन्ना र पावलको अनुभव भिन्नाभिन्नै भएतापनि ती दुवैको येशूसँग व्यक्तिगतरूपमा जम्का भेट भएको थियो। त्यो कुनै निश्चित समयमा येशूलाई एक पटक भेटेको र त्यो विगत भइसकेको अवस्था थिएन। येशूसँग भेट्नु भनेकै उहाँसँग दिनहु हिंडिरहनु हो। उहाँको प्रेम र उहाँको सत्य वचनको ज्योतिमा आनन्दसाथ निरन्तर हिंडिरहने अनुभव नै उहाँको सामुन्ने परिरहनु हो।

आस्थाको परिवर्तन वा येशूमा विश्वास गर्न पुग्दाको अनुभव के विगतको मात्र अनुभव हो र? कतिपयले विगत समयमा "मैले येशूलाई विश्वास गर्न पुगेको थिएँ वा मेरो आस्थामा परिवर्तन भएको थियो" भनेर केवल गएको

अनुभवसँग मात्र संतुष्ट भएर बस्ने मानिसहरूलाई एलेन जी ह्वाइट के भन्नुहुन्छ? हेर्नुहोस् "कतिपय मानिसहरू येशूको धर्मको बारेमा एक पटक जानेका थिए र अब दिनदिनै आस्थामा परिवर्तन हुनु आवश्यक छैन भनेर भन्दछन्। तर, हामी प्रत्येक विश्वासीले दिन दिनै व्यक्तिगत रूपमा येशूलाई हेरेर परिवर्तित जीवन जीउनु जरुरी छ ।"-मानुस्क्रुप्ट रिलिजेज, ठेली ४, पृ. ४६बाट रूपान्तरित। (हाम्रो विश्वास प्रगतिशील हुनुपर्छ-अनुवादकको टिप्पणी)

**तपाईंसँग विगतको अनुभव जे भएतापनि वा जतिसुकै शक्तशाली भएतापनि तपाईंले किन दिन दिनै येशूसँगको सम्बन्धमा रहिरहनु जरुरी छ? दैनिक जीवनमा नै उहाँको शक्ति र भलाइको वास्तविकताको अनुभव गरिरहनु किन आवश्यक छ?**

## ५. व्यक्तिगत गवाहीको प्रभाव

**अब** हामी राजा अग्रिपाको सामु पावलको उपस्थितिको दृश्य पनि हेरौं। विभिन्न यहूदी राजाहरूको पङ्क्ति जस्तै माकबिज, हेरोद घरानाको अन्तिम यहूदी राजा अग्रिपाको सामु इसाई जगतकै निडर धरोहर पावल हथकडी लगाइएको अवस्थामा उभिन्छन्। अग्रिपा यहूदीको रूपमा देखिएतापनि उनको हृदयमा उनी रोमी थिए (द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. ४३६)। सुसमाचार प्रचारको दौरानमा विभिन्न यात्रा गरेर थाकेका र जिउभरि शत्रुहरूको प्रहारले घाउनै घाउले भरिएका मानौं उनी असल र खराबको युद्धमा प्रयोगशाला हुन पुगेका सिक्रीले बाँधिएका वयोबृद्ध कैदी पावल थिए, जो तडकभडकले सुसज्जित यहूदी राजाको सामु परमेश्वरको प्रेमले भरिएको हृदय र उहाँको अनुग्रहले चम्किएको अनुहार लिएर खडा हुन्छन्। उनले जीवनको यात्रामा जे भोगेतापनि, जतिसुकै सतावट भोगेतापनि र जतिसुकै कठिन परिस्थितिहरू भोगेरपनि परमेश्वर असल हुनुहुन्छ भनेर उनले घोषणा गरेका थिए।

तर पावलको भन्दा विपरीत चरित्र राजा अग्रिपाको थियो। राजा अग्रिपा मानव मूल्यमान्यतालाई वेवास्ता गर्ने, परमेश्वरमाथिको विश्वासमा ढलमल भएका, राजा भएकोले कठोर मन भएका र पक्का न्यायप्रणालीप्रति चासो नभएका व्यक्ति थिए। तर पावलचाहीँ परमेश्वरप्रतिको आस्थामा भरिएका सत्यको निम्ति समर्पित र धार्मिकताको रक्षाको निम्ति साहसी र दरिला व्यक्ति थिए। ती दुवैको व्यक्तित्व एकअर्कामा मिल्दैनथ्यो। जब राजाको सामु उनको

मुद्दालाई विरोधीहरूले अघि सारे तब पावाल आफ्नो बचाउका विषयमा बोल्न राजासँग अनुमति माग्दछन्।

**प्रेरित २६ अनुसार पावलले राजाको सामु कस्तो गवाही दिन्छन्? पावलको मुखबाट उच्चारण भएका बोलिहरूबाट हामी के सिक्न सक्दछौं? हेर्नुहोस्, "१ अग्रिपासले पावललाई भने, 'तिमीलाई आफ्नो पक्षमा बोल्ने अनुमति छ।' तब आफ्नो हात पसारेर पावलले आफ्नो बचाउमा बोल्न लागेः २ 'हे राजा अग्रिपास, यहूदीहरूले मलाई लगाएका सबै दोषको विषयमा आज हजूरको सामुन्ने मैले आफ्नो बचाउमा बोल्न पाएकोमा म आफूलाई भाग्यशाली ठान्छु। ३ यहूदीहरूका सबै प्रथा र वाद-विवादका कुरामा हजूर विशेष रूपले परिचित हुनुभएको हुनाले, मेरो बयान धैर्यपूर्वक सुनिदिनुहोस् भनी म बिन्ती गर्दछु। ४ मेरो जातिको बीचमा र यरूशलेममा सुरुदेखि बिताएको मेरो युवावस्थादेखिको मेरो जीवन शैली यहूदीहरूलाई थाहा छ। ५ लामो समयदेखि तिनीहरूलाई थाहा भएकै कुरा हो, कि हाम्रो धर्मको सबैभन्दा कट्टर पन्थी दलअन्तर्गत मैले एक फरिसी भएर मेरो जीवन यापन गरेको छु। तिनीहरूले चाहे भने यस कुराको गवाही दिन सक्नेछन्। ६ परमेश्वरले हाम्रा पुर्खाहरूलाई गर्नुभएको प्रतिज्ञामा मैले आशा राखेको कारणले आज म यस मुद्दामा खड़ा भएको छु। ७ हाम्रा बाह्रै कुलहरूले यो आशा प्राप्त गर्नलाई रातदिन एक चित्तले आराधना गर्दछन्, र यही आशाको निम्ति, हे राजा, यहूदीहरूले मलाई दोष लगाएका छन्। ८ परमेश्वरले मृतकहरूलाई जीवित पार्नुहुन्छ भन्ने कुरा किन तपाईंहरू कसैलाई पत्यार नलागेको? ९ नासरतका येशूका नाउँको विरुद्धमा धेरै कारबाई गर्नुपर्छ भन्ने म आफैलाई पनि विश्वास थियो। १० मैले यरूशलेममा त्यसै गरें, र मुख्य पूजाहारीहरूबाट अख्तियार पाएर धेरै सन्तहरूलाई मैले झ्यालखानमा हालेको मात्र होइन, तर तिनीहरूलाई मार्दा तिनीहरूकै विरुद्धमा मैले मेरो मत पनि दिएँ। ११ अनि सबै सभाघरहरूमा तिनीहरूलाई बारम्बार सजाय दिईकन तिनीहरूलाई विश्वास त्याग गराउने चेष्टा गर्थे। तिनीहरूका विरुद्धमा क्रोधले उन्मत्त भईकन बाहिरका सहरहरूमा पनि मैले तिनीहरूलाई सताएँ। १२ यसरी मुख्य पूजाहारीहरूबाट अख्तियार र आज्ञा पत्र पाएर म दमस्कसतिर गएँ। १३ हे राजा, मध्यदिनमा मैले स्वर्गबाट सूर्यभन्दा पनि उज्ज्वल ज्योति देखें, जो म र मसँग यात्रा गर्नेहरूका चारैतिर चम्किरहेको थियो। १४ जब हामी सबै जमिनमा लोटेका थियौं, तब हिब्रू भाषामा मलाई यसो भनिरहेको आवाज मैले सुनें, 'शाऊल, शाऊल, तिमी किन मलाई सताउँदछौ? सुइरोमा लात हान्दा तिमीलाई नै दुख्छ।' १५ अनि मैले भनें, 'हे प्रभु, तपाईं को हुनुहुन्छ? प्रभुले**

मलाई भन्नुभयो, 'म येशू हुँ, जसलाई तिमी सताइरहेछौ। १६ तर उठ र
आफ्ना पाउमा खड़ा होऊ, किनभने ममा तिमीले देखेका र मैले तिमीलाई
देखाउने कुराका निम्ति सेवक र साक्षी नियुक्त गर्ने उद्देश्यले म तिमीकहाँ देखा
परेको छु। १७ म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा
दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, १८ कि तिमीले तिनीहरूका आँखा
खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट
परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको
विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।' १९
यसकारण, हे राजा अग्रिपास, स्वर्गीय दर्शनप्रति म अनाज्ञाकारी भइनँ। २० तर
पहिले दमस्कसमा, तब यरूशलेममा र सारा यहूदिया देशभरि रहनेहरूलाई, र
अन्यजातिहरूलाई पनि पश्चात्ताप गरेर परमेश्वरतिर फर्क र आफ्ना पश्चात्ताप
योग्यका काम गर भनेर मैले प्रचार गरें। २१ यसैकारण यहूदीहरूले मलाई
मन्दिरमा पक्रेर मार्ने चेष्टा गरे। २२ आजको दिनसम्म परमेश्वरबाट मैले
सहायता पाएको छु। यसैले साना ठूला दुवैलाई गवाही दिँदै म यहाँ खड़ा भएको
छु। अगमवक्ताहरूले र मोशाले बोलेका वचन अवश्य पूरा हुनेछन् भन्ने
कुराबाहेक मैले अरू केही भनेको छैनँ। २३ उनीहरूले भनेका थिए कि
ख्रीष्टले दुःख भोग्नैपर्छ, र मृतकबाट जीवित हुनुभएको पहिलो भएर उहाँले
आफ्ना जाति र अन्यजातिहरूलाई ज्योतिको घोषणा गर्नुहुनेछ। २४ तिनले यी
आफ्नो बचाउका कुराहरू बोलिरहेकैमा फेस्तसले ठूलो स्वरमा भने, 'ए पावल,
तँ बौलाहा होस्, तेरो धेरै विद्याले तँलाई बौलाहा तुल्याएको छ।' २५ तर
पावलले भने, 'अति आदरणीय फेस्तस, म बौलाहा होइनँ, तर सत्य र
सुबुद्धिका कुराहरू बोल्दछु। २६ किनकि राजा स्वयम्ले यी कुराका विषयमा
जान्नुहुन्छ, जसको सामुन्ने म निर्धक्कसँग बोल्दैछु। किनकि यी कुनै कुरा
उहाँबाट छिपेको छैन, किनकि यो कुरा गुपचूपमा गरिएको होइन। २७ राजा
अग्रिपास, 'के हजूरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ? म जान्दछु,
हजूरले विश्वास गर्नुहुन्छ।' २८ अग्रिपासले पावललाई भने, 'के थोरै समयमा
तिमी मलाई ख्रीष्टियान बनाउन चाहन्छौ? ' २९ पावलले जवाफ दिए, 'थोरै
समयमा होस् कि धेरैमा यी साङ्लाहरू छोड़ेर, हजूर मात्र होइन तर आज मेरो
कुरा सुन्ने जति सबै मजस्तै होऊन् भनी म परमेश्वरमा प्रार्थना गर्छु।' ३० तब
राजा, हाकिम, बरनिकी र त्यहाँ बस्नेहरू जति सबै उठे। ३१ तब तिनीहरू
निस्केपछि आपसमा यसो भन्दै कुरा गरे, 'यस मानिसले प्राणदण्ड पाउने अथवा
कैद जाने माफिकको केही काम गरेको छैन।' ३२ अग्रिपासले फेस्तसलाई

**भने, 'यसले (सिजर) कैसरकहाँ अपिल नगरेको भए त यस मानिसलाई छोडिदिए पनि हुनेथियो।'"**

दयाले मानिसको हृदय खुला गर्छ भने कठोरताले त्यसलाई बन्द गर्दछ। त्यहाँ राजा अग्रिपाको सामु अत्यन्तै सदाशयी हुन्छन्। यहूदी धर्म, संस्कार र संस्कृतिप्रति राजा परिचित छन् भनेर उनी सुनाउँछन् (प्रेरित २६:३)। अनि परमेश्वरतर्फ आफ्नो मन फर्काउन अनुरोध गर्छन्।

**पावलको आफ्नै आत्मपरिवर्तन भएको कथा प्रेरित २६:१२-१३मा फेरि पढ्नुहोस् र त्यसको प्रभाव राजा अग्रिपालाई कसरी परेको थियो सो त्यही अध्यायको २६-२८ मा पढ्नुहोस्। अग्रिपाले जुन् प्रतिक्रिया दिए त्यो कसरी सम्भव भयो? पावलको गवाहीले राजामाथि कस्तो प्रभाव पारेको थियो?**

येशूले आफ्नो जीवनलाई कसरी परिवर्तन गराउनुभयो भनेर पावलले दिएका गवाहीले परमेश्वरप्रति आस्था नराख्ने राजालाई पनि गहिरो प्रभाव पारेको थियो। परिवर्तित जीवनले बताउने गवाही जस्तो प्रभावकारी गवाही अरू हुँदैन। जब कसैको जीवन भित्रैदेखि परिवर्तन भएको अरूले देख्दछ तब त्यसमा अचम्मको प्रभाव पर्दछ। अनुग्रहले परिवर्तन भएका मानिसहरूको जीवन कहानीबाट परमेश्वरलाई विश्वास नगर्ने राजाहरूका हृदयहरू पनि छोइन्छन्। हो, पावलको जस्तो नाटकीय कथा हामीमा नहोला, तर हामी प्रत्येकले येशूलाई चिन्ने र उहाँको रगतद्वारा हामीले कसरी उद्धार पायौं भन्ने कथा अरूलाई सुनाउनै पर्छ।

## उपसंहार

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित द आक्टस् अभ द आपोस्टलस्, पृ. ४३३-४३८को "अलमोस्ट दाउ पर्स्वेडेस्ट मी" पढ्नुहोस्।**

वास्तविक इसाई जीवनको मूल खुबी भनेकै येशूसँगको सामिप्यता वा सम्बन्ध हो। यो सम्बन्ध यति गहिरो, आत्मज्ञानले भरिएको र प्रसस्त हुनुपर्दछ कि अरूलाई सुनाउँ सुनाउँ लाग्ने हुनुपर्छ। सही शिक्षादीक्षा त महत्त्वपूर्ण र आवश्यक हुन्छ नै तर परमेश्वरको अनुग्रह र प्रेमले परिवर्तन भएको जीवनलाई शिक्षादीक्षाले साट्न सक्दैन। यस मामिलामा एलेन जी ह्वाइटको स्पष्ट धारणा छ "जतिसुकै विवाद वा तर्कवितर्क भएतापनि कठोर हृदयलाई वा स्वार्थी र संसारिक भौतिक जीवनमा मात्र मोजमज्जा गर्नेहरूको हृदयलाई त्यसले पगाल्न सक्दैन भन्ने कुरो उद्धारकर्तालाई थाहा थियो। स्वर्गबाट विशेष आशिष ती चेलाहरूलाई आवश्यक थियो भनेर येशूलाई थाहा थियो। बाटो, सत्य र जीवन

हुनुभएको येशूको जीवित ज्ञानले चेलाहरूको हृदय न्यानो र तिनीहरूका ओठहरू बोल्न सिपालु भएमात्र प्रभावकारीरूपमा सुमाचार घोषणा गर्न सकिन्छ भन्ने उहाँलाई थाहा थियो।"-द आक्टस् अभ द आपोस्टलस्, पृ. ३१बाट रूपान्तरित। डिजाएर अभ एजेजको पृ. ८२६मा एलेन जी ह्वाइट यो मार्मिक भावना व्यक्त गर्छिन्, "येशू ख्रीष्टको अचम्मको प्रेमले मानिसहरूको हृदय पगाल्न सकिन्छ र बशमा राख्न सकिन्छ तर केवल सिद्धान्त वा बाइबलीय शिक्षालाईमात्र मानिसको सामु तेर्स्याउँदा त्यसको उपलब्धी केही हुन सक्दैन।"

कतिपय मानिसहरू यसो भन्दछन् कि व्यक्तिगत गवाही दिनु भनेको परमेश्वरको वचनमा पत्ता लागेका सत्यहरू अरूलाई भनेर येशूको विश्वासी बनाउनु हो। उचित समयमा परमेश्वरको वचन बाँड्नु महत्त्वपूर्ण भएतापनि व्यक्तिगत गवाही दिनु भनेकै येशूले सित्तैंमा दिनुभएको अनन्त जीवनमा आफूले पापबाट पाएको स्वतन्त्रता, शान्ति, दया, करुणा, क्षमा, बल, आशा र आनन्द बाँड्नु हो।

**चिन्तनमनन्:**

अ. हाम्रो व्यक्तिगत गवाही अरूलाई प्रभाव पार्न किन शक्तिशाली हुन सक्छ? तपाईंकै जीवन अनुभवमा अरूको व्यक्तिगत गवाहीले कसरी प्रभाव पारेको थियो?

आ. येशूसँगको व्यक्तिगत अनुभव हाम्रो दैनिक जीवनमा हुँदा यो अनुभव अरूलाई गवाही दिनमात्र नभई यसले हाम्रो आत्मिक विश्वासलाई पनि कसरी विकास गर्न सक्छ?

इ. प्रभावकारी गवाही हाम्रै असल, धार्मिक र सही जीवनशैलीका लागि पनि किन महत्त्वपूर्ण छ?

ई. अरूलाई येशूको बारेमा भन्नुको अर्थ उहाँले तपाईंको व्यक्तिगत जीवनमा के गर्नुभयो र तपाईंको निम्ति उहाँ के हुनुभएको छ र उहाँले गर्दा तपाईंको जीवन कसरी अरूको भन्दा फरक वा पृथक बन्यो भनेर सुनाउनु हो।

## कथा २

## ओहायो चर्चमा पुनर्जागरण

**-आन्ड्र्यु मकचेस्नी**



अमेरिकाको ओहायो राज्यमा भएको एउटा चर्चमा केवल १५ जनामात्र सदस्यहरू थिए। त्यो चर्च सुक्दै गएको थियो। तर तीन वर्षमै ८५ जना जागरुक विश्वासीहरू थपिएका थिए उक्त चर्चको आर्थिक योजनाकार भान्स वाल्नले त्यसको जस पवित्र आत्मा र पाइप अर्गानलाई दिन्छन्।

अचम्मको काम सुरुभयो जब भान्सले त्यहाँका साना साना चर्चहरूमा प्रचार गर्न थाले। त्यहाँ उनले ओहायोकै हामिल्टन सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा पनि प्रचार गरे। जुनवेला उनी सानै थिए त्यसबेलादेखि नै उनले त्यस चर्चमा सेवाकार्य गरेका थिए। “त्यो चर्च क्रमश सुक्दै थियो। त्यहाँ पियानो बजाउने कोही पनि थिएनन्।"मेरी श्रीमतीले सीडीको सहायताले विशेष गीत गाएकी थिइन्" उनले भने।

एक दिन बेलुकी भान्सकी श्रीमती डार्ला ह्यामिल्टनn] चर्चमा नवबधुको निम्ति गरिएको कार्यक्रमaf^ घर फर्केपछि आफ्नो श्रीमानलाई भनिन्, “त्य; चर्चकf पास्टर त चर्च छोडेर जाँदैछg\।" अनि ठट्टा गरेर भान्सलाई भनिन् “तपाईं t त्यस चर्चको पास्टर हुनसक्नुहुन्छ।"

दुई हप्तासम्म भान्सले त्यो चर्चलाई बिर्सन सकेनन्। जब जब उनी रातमा उठ्दथे तब तब आफ्नी श्रीमतीले भनेको “तपाईं त्यस चर्चको पास्टर हुनसक्नुहुन्छ" भन्ने आवाज उनको कानमा घन्किरहन्थ्यो।

आखिरमा आएर, भान्सले हामिल्टन चर्चमा ६ महिनाका लागि स्वयंसेवकको रूपमा पास्टरी काम गर्न मञ्जुर गरे। त्यसपछि उनलाई तीन छक्क पार्ने गरि चर्चको संचालक समितिका छ जना सदस्यहरूले गैर पास्टर अर्थात् चर्चको तलब नखाइकन काम गर्ने व्यक्ति पठाइदिन परमेश्वरसँग प्रार्थना गरिरहेका थियौं भनेर सुनाए।

“ती प्रार्थनाहरूले दुई हप्तासम्म मलाई घचघच्याइरहेको थियो। राति उठ्दा पनि तपाईंहरूको प्रार्थनाले मलाई घचघच्याइरहेको थियो। यो त पवित्र आत्माको अगुवाई पो रहेछ" भान्सले भने।

जब उनले त्यस चर्चमा काम गर्न सुरु गरे तब उनले एक जना अवकाश प्राप्त अर्गन अर्थात् पियानो बजाउने संगितज्ञ जेरी टेलरलाई चर्चको स्वयंसेवक सङ्गीत निर्देशक हुन अनुरोध गरे। एक दिन जेरीले अत्यन्तै खुशी मान्दै भान्सलाई फोन गरे। सिनसिनाथीको अवकाश समाजले पाइप अर्गन ७५,००० डलरमा बिक्री गर्दै छ रे!

“त्यो हाम्रो लागि धेरै महङ्गो छ। हामी त ५,००० डलर पनि तिर्न सक्दैनौं" निराश भएर भान्सले जवाफ दिए। “तैपनि हामी त्यो किन्ने कोशिश गरौं" जेरीले भने।

अवकाश प्राप्त रहेको समूदायका पास्टरले हामिल्टन चर्चको बारेमा सुन्दा एकदमै मन्त्रमुग्ध भएका थिए। उनी हामिल्टन चर्चमा आए र त्यस चर्चको बारेमा जानकारी लिए। अनि आफ्नो घरमा फर्केपछि त्यस चर्चको पास्टरले भान्सलाई फोन गरे, “मैले तपाईंको सङ्गीत निर्देशकसँग भर्खरै कुरा गरें। हाम्रो पाइप अर्गन कुनै चर्चलाई प्रदान गर्न खोजिरहेका थियौं। हामीलाई पैसा चाहिएको छैन केवल त्यो अर्गन भित्र्याउन सक्ने चर्चमात्रै चाहिएको थियो।"

**हामिल्टन चर्चले सित्तैमा पाइप अर्गन प्राप्त गर्यो।**

अनि अचम्मको कामले निरन्तरता पायो। निर्माणकर्ताहरूले पाइप अर्गनको निम्ति छुट्याइएको पैसाले चर्चको पुननिर्माण गरे। इन्जिनियरहरूले सहयोग गरे। त्यस चर्चमा पम्पद्वारा पानी निकालिन्थ्यो जुन पिउन लायक थिएन। ती इन्जिनियरहरूले सहरको खानेपानीलाई त्यस चर्चको पाइपमा जोडे। धेरै सम्प्रदायका इसाईहरू आएर त्यस चर्चको नयाँ सङ्गीत समूह वा क्वाएरमा समावेश भए।

एक दिन दुई जना महिलाले साबथको बिहानीमा त्यस चर्चमा आएर सबैलाई छक्क पर्ने गरि यस्तो घोषणा गरे “हामी बाइबलले सिकाए अनुसार शनिबारलाई साबथ नै भनेर स्वीकार्दछौं। हामीहरू आफैले बाइबल पढ्दा यो सत्य भेट्टाएका थियौं।" तिनीहरूमध्ये एक जना महिला र उनको श्रीमानले हामिल्टन चर्चमा बप्तिस्मा लिए।

मानिसहरूलाई चर्चमा ल्याउने मूल आकर्षणको रूपमा पाइप अर्गनलाई नै परमेश्वरले प्रयोग गर्नुभएको थियो। “मानिसहरू हाम्रो चर्चमा आएका आए छन्" ६५वर्षीय भान्सले भने।